KWILS
KATHERINE WOMEN'S LEGAL SERVICE

(08) 8972 1712
1800 620 108
info@kwils.com.au
www.kwils.com.au

क्याथरिन विमिन्स लिगल सर्भिस (क्याथरिन महिला कानूनी सेवा) महिलाहरुद्वारा महिलाहरुको लागि एक विशेषज्ञ महिला कानूनी सेवा हो।

क्याथरिन विमिन्स लिगल सर्भिसले बिग रिभर्स क्षेत्रका सबै आदिवासीहरूलाई हामी बस्ने र काम गर्ने देशको परम्परागत मालिकको रूपमा स्वीकार गर्दछ। हामी विशेष गरी महिलाहरूको शक्तिको सम्मान गर्छौं जसले अनगिन्ती पुस्ताहरूदेखि आफ्ना बालबालिका, परिवारहरु र देशको हेरचाह गरेका छन्, र निरन्तर त्यसो गर्दै आईरहेका छन्।

क्याथरिन विमिन्स लिगल सर्भिसले  क्याथरिन र बिग रिभर्स क्षेत्रमा रहेका **सबै** उमेरका **सबै** महिलाहरूसँग एउटा यस्तो भविष्यमा पुग्न काम गर्दछ जहाँ सबै महिला र उनीहरूका बालबालिका सुरक्षित छन्, प्रतिष्ठा र सम्मानका साथ बाँचिरहेका छन् ।

क्याथरिन विमिन्स लिगल सर्भिससँग कुरा गर्नको लागि तपाइँसँग स्थायी बसोबास वा नागरिकता हुनु आवश्यक छैन: हामी तपाइँलाई तपाइँको भिसा स्थिति जस्तोसुकै भएपनि मद्दत गर्न सक्छौं।

हाम्रा वकिलहरूले नि:शुल्क कानुनी सल्लाह र प्रतिनिधित्व दिन्छन् जुन विशेष गरी घरेलु, पारिवारिक र यौन हिंसा, बाल संरक्षण र पारिवारिक कानून (विछोड, सम्बन्धविच्छेद, र अभिभावकत्व व्यवस्था) मा केन्द्रित छन् ।

हामी नागरिक कानून समस्याहरूमा पनि मद्दत गर्न सक्छौं जस्तै, भेदभाव, प्रहरी, स्वास्थ्य सेवा प्रदायक, शिक्षा र सुधारका बारेमा उजुरीहरू, अपराध क्षतिपूर्ति को शिकार, आवास र सेन्टरलिंक (Centrelink) सम्वन्धि समस्याहरू र रोजगार कानून।

क्याथरिन विमिन्स लिगल सर्भिसले ग्राहकहरूसँग नजिक रहेर काम गर्ने समर्थन कार्यकर्ताहरूलाई रोजगारमा राख्छ। तिनीहरू भेटवार्ताहरुमा वा अदालतमा तपाईंसँगै हुन सक्छन्, र फारम र आवेदनहरू भर्ने, भेटघाटका समयहरू मिलाउने र राख्ने, र अन्य सेवाहरूमा सिफारिस गर्ने जस्ता सबै महत्त्वपूर्ण गैर-कानूनी कार्यहरू गर्न तपाईंसँग काम गर्न सक्छन्।

जब तपाइँले वकिलसँग कुरा गर्नुहुन्छ, तपाइँले तिनीहरूलाई तपाइँको कथा र अब तपाईं के होस्  भन्ने चाहानुहुन्छ भनेर बताउनु हुन्छ । त्यसपछि वकिलले तपाइँसँग के कानूनी विकल्पहरू छन् भन्ने बारे बताउनेछन्। तपाईले अब के गर्नुहुन्छ यो **तपाईको छनौट** हो। वकिललाई तपाईंले काम गर्न नलगाए सम्म उनिहरुले तपाइँको लागि कुनै काम सुरु गर्न सक्दैनन् ।

हाम्रो कार्यालय एक निजी, सुरक्षित ठाउँ हो। हाम्रा वकिलहरू र सहयोगी कार्यकर्ताहरू पनि महिलाहरू हुन्, र तपाईंले सधैं सुरक्षित र सहज महसुस गरेको चाहन्छन्।

यदि तपाईं चाहनुहुन्छ भने, हामी तपाईंलाई भिडियो कलमा भेट्न खुसी छौं, वा तपाईं सुरक्षित र सहज महसुस गरेको ठाउँमा हामी आँफै तपाईंलाई भेट्न आउन पनि राजी छौं।

तपाइँ एक दोभाषे राखेर क्याथरिन विमिन्स लिगल सर्भिससँग कुरा गर्न सक्नुहुन्छ, ताकि तपाइँले तपाइँलाई धेरै सहज महसुस गरेको भाषामा तपाइँको कथा हामीलाई बताउन सक्नुहोस्।

यदि क्याथरिन विमिन्स लिगल सर्भिसतपाईंलाई मद्दत गर्नको लागि सही सेवा होइन भने, हामी तपाईंलाई सही सेवा फेला पार्न मद्दत गर्नेछौं। मद्दत माग्न कहिल्यै नडराउनुहोस्: त्यसैले हामी यहाँ छौं।

क्याथरिन विमिन्स लिगल सर्भिसमा, हामी हाम्रा ग्राहकहरू स्वमंले उनिहरुको सुरक्षा र उनीहरूको परिवारको सुरक्षाको बारेमा गरेको मूल्याङ्कनलाई सुन्छौं र गहिरो सम्मान गर्छौं।

वकिलहरूलाई ग्राहकहरूका लगभग सबै जानकारीलाई गोप्य राख्न अनुमति दिइएको छ। यद्यपि, नर्दन टेरिटोरी मा रहेका सबै वयस्कहरू जस्तै, क्याथरिन विमिन्स लिगल सर्भिसका कर्मचारीहरूले अनिवार्य रूपमा पुलिसलाई घरेलु हिंसाको रिपोर्ट गर्नुपर्छ, वा यदि कुनै बच्चालाई हानि पुगेको छ वा हानि हुने जोखिममा छ भने टेरिटोरी फ्यामिलिज (टेरिटोरी परिवार) लाई अनिवार्य रिपोर्ट गर्नुपर्छ।

सम्भव भएसम्म क्याथरिन विमिन्स लिगल सर्भिसले रिपोर्ट गर्नु अघि तपाईसँग कुरा गर्नेछ। हामी सबैको सुरक्षाका साथै कसरी र कहिले रिपोर्ट गर्ने सबैभन्दा राम्रो समय हो भन्ने पनि विचार गर्नेछौं।

यदि तपाइँ नर्दन टेरिटोरी मा अनिवार्य रिपोर्टिङ कानून बारे थप जान्न चाहनुहुन्छ भने, तपाइँ हामीलाई info@kwils.com.au मा इमेल गर्न सक्नुहुन्छ वा हामीलाई ८९७२ १७१२ मा कल गर्न सक्नुहुन्छ।

हाम्रो वेबसाइटमा क्याथरिन विमिन्स लिगल सर्भिसबारे थप धेरै जानकारीहरु छन् - कानून बारे जानकारी, तपाइँ कसरी क्याथरिन विमिन्स लिगल सर्भिससँग काम गर्न सक्नुहुन्छ, सदस्यको रूपमा सामेल हुनेबारे, र हाम्रो कानून सुधार र वकालत कार्य।

phn NORTHERN TERRITORY
An Australian Government Initiative
RURAL Workforce AGENCY NT

*Development and printing of this factsheet has been made been possible by funding from Northern Territory Primary Health Network (NT PHN)*

*This document was translated by The Interpreting & Translating Service NT (ITSNT)*